जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० | अंक २४२ | २०७८ साल बैशाख १६ गते बिहीबार (29 Apr. 2021 Thursday) | मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहतामा रहेका मुख्य व्यवस्थाहरु**

- जबर्जस्ती करणी गरी ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- सार्वजनिक रुपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*Log on : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : सम्बन्धित जिल्लामा प्रजिअले ... ३ पृष्ठमा : नियमावलीविपरीत सरुवा ... ३ पृष्ठमा : भारतको आसाममा ...

# राम्रो काम र आकर्षक तलब दिलाईदिने भन्दै लाखौं रकम ठगि एक फरार



**दैनिक समाचारदाता**
**राजविराज, १५ बैशाख ।**

वैदेशिक रोजगारमा राम्रो काम र आकर्षक तलब दिलाइदिने भन्दै सिरहाका डेढ दर्जन यूवाहरुबाट लाखौं रकम ठगि गरि सप्तरीका एक व्यक्ति फरार भएका छन् ।

जिल्ला प्रशासन कार्यालय सप्तरीमा बुधबार ठगिमा परेकाहरु मध्येका १८ जना पीडितहरुले संयुक्त रुपमा उजुरी दिएपछि सो ठगिका घटना बाहिरिएको हो ।

राजविराजस्थित सप्तरी सामुदायिक विकास केन्द्र नेपालद्वारा संचालित आप्रवासी श्रोत केन्द्रले कानुनी परामर्शसहितको न्याय खोज्दै सिरहाबाट सप्तरी आइपुगेका पीडित यूवाहरुलाई सहयोग उपलब्ध गराएको केन्द्रका कार्यक्रम संयोजक राजेन्द्र यादवले जानकारी दिएका छन् ।

पीडितहरुको तर्फबाट केन्द्रमार्फत जिल्ला प्रशासन कार्यालयमा बुझाइएको उजुरीपत्रमा गाउँघरका सोझासाझा बेराजगार यूवालाई बिदेशमा आकर्षक तलबसहितको रोजगारी दिलाइदिने प्रलोभन देखाई सप्तरीको रुपनी गाउँपालिका ६ का समसुद्धिन मियाँ लाखौं रकम ठगि गरि फरार भएको उल्लेख छ ।

यसरी ठगिमा पर्नेहरुमा सिरहा जिल्लाकै बिरेन्द्र यादव, सुनिल कुमार महतो, बैजनाथ सदा, श्याम कुमार यादव, शलेन कुमार यादव, ओमप्रकाश महतो, रामबचन साफी, गुनेश्वर साफी, जिवछ दास, दुर्गानन्द साह, हरेराम यादव, विपिन यादव, रवि कुमार कमैत, सतो कुमार कमैत, शशीकुमार मण्डल, मनोज कुमार साह, अजय कुमार यादव र बिनोद साह छन् ।

पीडित मध्येका एक सिरहाको लहान नगरपालिका १३ का सुनिलकुमार महतोले ठगि गर्ने व्यक्ति सप्तरीका भएकाले न्यायका लागि आप्रवासी केन्द्रमार्फत राजविराज आइपुगेको बताए ।

यस्तै ठगिमा परेका अर्का सोही नगरपालिका ११ का मनोजकुमार साहले आफूलाई एक

*बाँकी अन्तिम पृष्ठमा*

# मोबाइल चार्ज गर्ने क्रममा एकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १५ बैशाख ।**

सप्तरीमा मोबाइल चार्ज गर्ने क्रममा करेन्ट लागेर एक यूवकको बुधबार ज्यान गएको छ ।

सप्तरीको सुरुङ्गा नगरपालिका १ तेतरिया बस्ने १६ वर्षिय राजु सदाको मोबाइल चार्ज गर्ने क्रममा हातमा करेन्ट लागेर ज्यान गएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

प्रहरी नायब उपरिक्षक माधव प्रसाद काफ्लेका अनुसार देब्रे हातमा करेन्ट लागेर गम्भिर घाइते भएका उनको उपचारका लागि अस्पतालतर्फ लैजादै गर्दा बाटोमै मृत्यु भएको थियो ।

मोबाइल चार्जमा लगाएर कुरा गर्ने तथा असावधानीपूवर्क मोबाइल चार्ज गर्दा यस्ता धेरै अप्रिय घटनाहरु हुन थालेको भन्दै यसतर्फ आवश्यक सकर्तकता अपनाउन जिल्ला प्रहरी कार्यालयले सबैसँग अनुरोध समेत गरेको छ ।

# टिपरको ठक्करबाट घाइते भएका खंगको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १५ वैशाख ।**

टिपरको ठक्करबाट घाइते भएका एक व्यक्तिको बुधबार बिहान उपचारका क्रममा मृत्यु भएको छ ।

सप्तरी सप्तकोशी नगरपालिका ९ निवासी ५६ वर्षिय देवनारायण खड्गको बुधबार बिहान उपचारका क्रममा नोबेल अस्पताल विराटनगरमा मृत्यु

*बाँकी अन्तिम पृष्ठमा*






## सम्पादकीय

### कृतिम मुल्यबृद्धिलाई धरासय पारौं

कोरोना माहामारीको बहानामा अहिले बजारमा खाद्यान्न लगायत अन्य बस्तुहरुको मुल्यमा अत्याधिक बृद्धि गरिएको छ। माहामारीको नाममा हरियो तरकारीदेखी दैनिक उपभोग्य बस्तुको मुल्य दोब्बर भएको छ । दैनिकी रुपमा प्रयोग हुने सामाग्रिहरुको मुल्य मनपरी बढाइएको छ। यता उपभोक्ताहरुले पनि पसलेले गरेको मुल्य बृद्धिको कुनै प्रतिकिया नदेखाउँदा झनै पसलेहरुको मनोबल उच्च देखिएको छ।

सबैभन्दा मारमा निम्न वर्गिय उपभोक्ता परिरहेकोले यसप्रति सम्बन्धीत निकायको चासो नजानु उनीहरुको समेत मिलोमतो भएको प्रष्ट देखिन्छ। हुने खानेले जतिसुकै पनि मुल्य बृद्धि भएपनि कुनै असर नपर्ने तर दैनिक रुपमा काम गरेर गुजारा चलाउने परिवारहरु प्रत्यक्ष रुपमा मारमा परेका छन्। एकातिर कोरोनाले त्रसित आमजनता यस्ता कृतिम मुल्य बृद्धिका कारण झनै मारमा परेका छन्।

तसर्थ कृतिम मुल्यबृद्धि गर्नेहरुलाई स्थानिय प्रशासनदेखी जनप्रतिनिहरु समेतले कारवाहीको दायरामा ल्याएर जनतालाई कोरोना कालमा थोरै भएपनि राहत दिनसक्ने अग्रसरता देखाउनु अत्यन्त आवश्यक रहेको छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सम्बन्धित जिल्लामा प्रजिअले निषेधाज्ञा जारी गर्न सक्ने

काठमाडौँ, १५ वैशाख (रासस)।

सरकारले कोभिड-१९ नियन्त्रण, रोकथाम र उपचारका लागि सम्बन्धित जिल्लाभित्र निषेधाज्ञा जारी गर्ने अख्तियारी प्रमुख जिल्ला अधिकारीलाई दिएको छ।

मन्त्रिपरिषद्का पछिल्ला बैठकका निर्णय सार्वजनिक गर्न बुधबार सिंहदरबारमा आयोजित पत्रकार सम्मेनलनमा सञ्चार तथा सूचना प्रविधिमन्त्री पार्वत गुरुङले संक्रामक रोग नियन्त्रण ऐन २०२० को उपदफा २ बमोजिम पहाडी र हिमाली जिल्लामा २०० र काठमाडौँ उपत्यका तथा तराईमा ५०० सक्रिय संक्रमित रहेका जिल्लामा जिल्लाभर वा निश्चित क्षेत्रमा प्रमुख जिल्ला अधिकारीले निषेधाज्ञा तथा आवश्यक आदेश जारी गर्ने गरी कायममुकायम मुकरर गरिएको जानकारी दिनुभयो।

काठमाडौँ उपत्यका र केही जिल्लामा यही वैशाख १६ गतेदेखि निषेधाज्ञा जारी भइसकेको छ। उक्त अवधिमा खाद्यान्न, अत्यावश्यक सवारी साधनको आवतजावत र सेवा सञ्चालनका लागि सरकारले आवश्यक प्रबन्ध गरेको छ।

**सबै शिक्षालय र परीक्षा बन्द**

यस्तै वैशाख १६ देखि ३० गतेसम्म देशभरका सबै विद्यालय तथा शिक्षालय बन्द गरी भौतिक उपस्थिति नभई भर्चुअल वा वैकल्पिक माध्यमबाट पठनपाठन कायम राख्न निर्देशन दिइएको छ। निर्धारित परीक्षा हाललाई स्थगन गर्ने निर्णयमा उल्लेख छ।

**नेपाल प्रवेश गर्दा अपनाउनुपर्ने मापदण्ड**

मन्त्री गुरुङले नेपाल सिमाना जोडिएका छिमेकी मुलुकका नागरिकबाहेक अन्य देशका नागरिकले स्थलमार्गबाट हुने आवागमन स्थगन गर्ने र स्थलमार्गबाट नेपाल आउनुपर्ने भारतीय र चिनियाँ नागरिकलाई निजले यात्रा गर्नुअघि स्वाब संकलन भएको ७२ घन्टाभित्रको कोभिड-१९ नेगेटिभ तथा १० दिन अनिवार्य रुपमा होटेल क्वारेन्टिनमा बस्ने गरी होटेल बुक गरेको प्रमाण पेश गरेको आधारमा स्थानीय प्रशासनको अनुमतिमा नेपाल प्रवेश गर्न दिने निर्णय गरिएको बताउनुभयो। हवाई मार्गबाट नेपाल प्रवेश गर्ने नागरिकले पनि उक्त मापदण्ड पालना गर्नुपर्नेछ। उनीहरुले १० दिन अनिवार्य होटेल वा होम क्वारेन्टिनमा बस्नुपर्नेछ।

**होल्डिङ सेन्टर बनाइने**

मन्त्रिपरिषद्को अर्को निर्णयमा नेपाली सेनाले नेपाल-भारत स्थलगत सीमा मार्ग नजिकै पायक पर्ने स्थानका साथै काठमाडौँ उपत्यकामा कम्तीमा एक हजार क्षमताको बहुउपयोगी वा अर्ध स्थायी प्रकृतिको होल्डिङ सेन्टर बनाउने र त्यसका लागि सरकारले जग्गा र अर्थ मन्त्रालयले आवश्यक बजेट निकासा दिने भनिएको छ।

यस्तै सरकारले कोभिडका बिरामीको उपचारका लागि पर्याप्त अक्सिजनका सिलिन्डर हुने गरी तत्काल आवश्यक व्यवस्था मिलाउन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई निर्देशन दिएको छ।

# सर्वोच्च अदालतले सेवा कटौती गर्ने

काठमाडौँ, १५ वैशाख (रासस)।

सर्वोच्च अदालतले कोरोना भाइरस सङ्क्रमणको जोखिम बढ्दै गएपछि बुधबारदेखि सेवा प्रवाहमा कटौती गरेको छ।

सर्वोच्च अदालतको मङ्गलबार बसेको प्रधानन्यायाधीशसहित सम्पूर्ण न्यायाधीशहरूको पूर्ण बैठकले वैशाख १५ देखि वैशाख मसान्तसम्म अत्यन्त जरुरी महत्वका विषय मात्र हेर्ने र बाँकी सेवा कटौती गर्ने निर्णय गरेको हो।

कोभिड-१९ को सङ्क्रमण अवधिभर (वैशाख १५-३१ गतेसम्म) बन्दी प्रत्यक्षीकरण तथा कोभिड महामारीसँग सम्बन्धी अत्यन्त जरुरी प्रकृतिका जीवन र जनस्वास्थ्यसँग सम्बन्धित रिट निवेदनहरूको दर्ता र सुनुवाइ मात्रै हुने बैठकले निर्णय गरेको अदालतका सहप्रवक्ता देवेन्द्र ढकालले जानकारी दिनुभयो।

बैठकले उच्च अदालत, जिल्ला अदालत, अन्य अदालत र न्यायाधीकरणहरूको हकमा स्थानीय परिस्थिति एवं जोखिमको अवस्थाको मूल्याङ्कनका आधारमा उपयुक्त देखिएको काम कारवाही र सेवा प्रवाहको व्यवस्था सम्बन्धित अदालत तथा न्यायाधीकरणहरूले मिलाउने निर्णय गरेको छ।

बैठकपछि अदालतले जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ, "काम कारवाही तथा सेवा प्रवाह स्थगन भएका अवधिका मुद्दा, रिट तथा निवेदनमा रहेका हदम्याद, म्याद र तारेख गुज्रने छैन।" सर्वोच्च अदालतको उक्त निर्णय हाललाई बुधबारदेखि वैशाख मसान्तसम्म लागू हुनेछ। बाँकी थप निर्णय आवश्यकताअनुसार यही वैशाख ३१ गते बस्ने बैठकले तय गर्ने अदालतले जनाएको छ।

# विद्युतीय माध्यमबाट भुक्तानीको व्यवस्था मिलाउन प्राधिकरणको निर्देशन

काठमाडौँ, १५ वैशाख (रासस)।

नेपाल दूरसञ्चार प्राधिकरणले सेवा प्रदायक कम्पनीलाई विद्युतीय माध्यमबाट भुक्तानीको व्यवस्था मिलाउन निर्देशन दिएको छ।

प्राधिकरणले दोस्रो चरणको कोरोना संक्रमितको संख्यामा वृद्धि भएको जनाउँदै सेवाग्राहीको आवतजावत कम गर्न सकेसम्म महसुल भुक्तानीलगायतका सेवा यथासम्भव विद्युतीय माध्यमबाट व्यवस्था मिलाउन निर्देशन दिएको हो।

प्राधिकरणले अनुमति प्राप्त सबै सेवाप्रदायक कम्पनीलाई कोरोना संक्रमणलाई ध्यानमा राख्दै सेवा प्रवाहलाई निरन्तरता दिन बुधबार नौ बुँदे निर्देशन दिएको हो। प्राधिकरणमा कार्यरत आठ कर्मचारीको दोस्रो चरणको कोरोना संक्रमण पुष्टि भएसँगै सबै काम अनलाइनमार्फत हुने भएको छ।

प्राधिकरणको सबै काम अनलाइनमार्फत सञ्चालन भएपछि सेवाप्रदायक कम्पनीलाई समेत सकेसम्म वर्क फर्म होम (घरबाट नै काम) को व्यवस्था मिलाउन निर्देशन दिइएको प्राधिकरणका प्रवक्ता सन्तोष पौडेलले जानकारी दिनुभयो।

उहाँका अनुसार प्राधिकरणले सेवाप्रदायक कम्पनीलाई नेपाल सरकार र विश्व स्वास्थ्य सङ्गठनको स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्डको पालना गरी सेवा प्रवाह गर्न, प्रत्यक्ष सम्पर्कमा रहने जनशक्ति तथा सेवाग्राहीमा संक्रमणको जोखिमलाई न्यूनीकरण गर्न आवश्यक उपाय अवलम्बन गर्नसमेत निर्देशन दिएको छ।

यस्तैगरी कर्मचारीलाई समूहमा विभाजन गरी समूह/समूहबीच प्रत्यक्ष सम्पर्क नहुने गरी कार्य गर्ने वातावरण मिलाउन, संक्रमण देखिएका कर्मचारीको कोरोना परीक्षण गर्न तथा कन्ट्याक्ट ट्रेसिङको व्यवस्था मिलाउन, कोभिड-१९ सम्बन्धी समस्याको सहजीकरण र सम्पर्कका लागि व्यवस्थापन समूह गठन गरी सक्रिय बनाउन तथा प्राधिकरणबाट यसअघि जारी गरिएका निर्देशनको समेत परिपालना गर्ने व्यवस्था मिलाउन निर्देशन दिइएको छ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जंगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना :**१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी
मोवाईल नं. ९८५२८२०९३५

# नियमावलीविपरीत सरुवा गरेको भन्दै शिक्षकहरु आन्दोलनमा

लहान, १५ वैशाख (रासस)।

शिक्षा ऐन तथा नियमावलीविपरीत शिक्षकको सरुवा गरेको भन्दै शिक्षकसँग सम्बद्ध सङ्घसङ्गठनले लहान नगरपालिकाविरुद्ध आन्दोलनमा उत्रेका छन्।

नगरपालिकाले शिक्षा नियमावली र ऐनविपरीत १३२ शिक्षकको सरुवा गरेको भन्दै तत्काल निर्णय फिर्ता लिन सङ्घसङ्गठनले माग गरेका हुन्। तत्काल सरुवाको निर्णय फिर्ता नलिए पठनपाठन अवरुद्ध गर्ने चेतावनीसमेत दिइएको छ।

नेपाल शिक्षक सङ्घ, नेपाल राष्ट्रिय शिक्षक सङ्गठन, एकीकृत अखिल नेपाल शिक्षक सङ्घ, सङ्घीय समाजवादी शिक्षक फोरमले संयुक्तरूपमा नगरपालिकालाई ज्ञापनपत्र बुझाउँदै ऐन, नियमविपरीत भएको शिक्षक सरुवाको निर्णय फिर्ता लिन माग गरेका छन्। निर्णय फिर्ता नलिए वैशाख २२ गतेदेखि नगर क्षेत्रभित्र रहेका सम्पूर्ण सामुदायिक शैक्षिक संस्था बन्द गरिने चेतावनी दिइएको छ।

शिक्षा ऐन २०२८ को दफा १६ (ज) र शिक्षा नियमावलीको नियम ९९ बमोजिम शिक्षकहरूलाई सरुवा गर्ने अधिकार हालको अवस्थामा शिक्षा विकास तथा समन्वय एकाइमा रहेको, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११.२ (ज) मा आधारभूत र माध्यमिक शिक्षकलाई सरुवा गर्ने अधिकार नभए पनि नगरपालिकाले सरुवा गरेको शिक्षक सङ्घसङ्गठनको भनाइ छ।

नगरपालिकाले चैत १३ गते १३ जनाबाट शुरु भएको सरुवा प्रक्रिया वैशाख १२ गतेसम्म आइपुग्दा १३२ जनाको सरुवा भएको जनाइएको छ। जसमध्ये पाँच राहत कोटाको शिक्षक र तीन महिनापछि सेवा अवकाश शिक्षकसमेत रहेको नेपाल शिक्षक सङ्घका अरविन्दकुमार दासले जानकारी दिनुभयो। आफूहरू अन्यायमा परेको भन्दै नगरपालिकाले गरेको सरुवा फिर्ता लिन तथा न्यायिक छानबिनका लागि उक्त सङ्घसङ्गठनले माग गरेका छन्।

लहान नगर क्षेत्रभित्र ५९ सामुदायिक विद्यालय छन्। जसमध्ये मावि आठ र ५१ वटा आधारभूत आधारभूत विद्यालय छन्। ती विद्यालयमा नगरले २०७७ वैशाखदेखि हालसम्म तलबबाहेका कुनै पनि रकम पठाएका छैनन्। यता लहान नगरपालिकाका शिक्षा संयोजक राजकुमार साहले नगरपालिकाको अधिकार प्रयोग गरेर शिक्षक सरुवा गरेको जिकिर गर्नुभयो।

# दूरसञ्चार प्राधिकरणको सेवा अनलाइनमार्फत

काठमाडौं, १५ वैशाख (रासस)।

नेपाल दूरसञ्चार प्राधिकरणबाट प्रवाह हुने सबै सेवा बुधबारदेखि अनलाइनमार्फत हुने भएको छ। प्राधिकरणमा कार्यरत आठजनाभन्दा बढी कर्मचारीमा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएसँगै सबै काम अनलाइनमार्फत हुने भएको हो।

प्राधिकरणले एक सूचना जारी गरी अर्को सूचना जारी नहुँदासम्म हाल हुँदै आएका सम्पूर्ण कार्य अनलाइनमार्फत हुने जनाएको हो।

प्राधिकरणका प्रवक्ता सन्तोष पौडेल प्राधिकरणबाट प्रवाह हुँदै आएका सेवाका लागि सेवाप्रदायक कम्पनीहरूले अनलाइनमार्फत जानकारी गराउनुपर्ने बताउँनुहुन्छ।

"हामीले अनुमतिपत्र प्राप्त सबै सेवा प्रदायक कम्पनीलाई प्राधिकरणबाट हुने कार्यका लागि सहजीकरण गर्छौं। यसअघि हुँदै आएको सबै नियमित कामहरू यथावत् हुन्छ। आवश्यक कामका लागि प्राधिकरणको इमेलमा अनलाइनमार्फत जानकारी गराउनुपर्ने हुन्छ", उहाँले भन्नुभयो।

"प्राधिकरणको सेवा सञ्चालन मार्गदर्शन, २०७७ मा उल्लेख भएअनुससार बढीमा एक तिहाइ कर्मचारीको उपस्थितिमा सेवा प्रदान गर्ने भन्ने व्यवस्था भए तापनि हाल प्राधिकरणमा आठ जनाभन्दा बढीमा कोरोना देखिएको छ। अन्य कर्मचारीमा सङ्क्रमण अझ बढ्न सक्ने भएकाले कोभिड-१९ को दोस्रो चरणको सङ्क्रमणलाई ध्यानमा राख्दै बुधबारदेखि प्राधिकरणबाट हुने सबै काम 'वर्क फर्म होम'को व्यवस्थाअनुसार मिलाइएको हो", प्राधिकरणले जारी गरेको सूचनामा भनिएको छ।

प्रवक्ता पौडेलका अनुसार घरबाटै काम गर्ने कर्मचारीहरूले बिहान १० देखि बेलुका ५ बजेसम्म अनलाइनमा बसी अफिस अटोमेशन सिस्टमबाट काम गर्ने व्यवस्था मिलाइएको छ। उहाँले घरबाटै काम गर्ने कर्मचारीले ई-हाजिरी प्रणालीमार्फत अनिवार्य रूपमा हाजिर गर्नुपर्ने बताउनुभयो। यदि कार्यालयलाई आवश्यक परेको खण्डमा महाशाखा प्रमुखको निर्देशनमा भौतिक रूपमा उपस्थित भई कार्यालयको कामकाज गर्नुपर्ने छ।

# आइसीयू र भेन्टिलेटरसहितको आइसोलेशन तयार

लहान, १५ वैशाख (रासस)।

बढ्दो कोरोना सङ्क्रमणलाई दृष्टिगत गरी सिरहामा २६ शय्याको आइसोलेशन तयार पारिएको छ। जिल्ला अस्पताल सिरहाको मातहतमा रहने गरी सदरमुकाम सिरहामा तत्कालका लागि २६ शय्याको आइसोलेशन शय्या तयार पारिएको प्रमुख जिल्ला अधिकारी प्रदीपराज कँणेलले जानकारी दिनुभयो।

बढ्दो कोरोना सङ्क्रमणको ग्राफलाई मध्यनजर गरी बजेट अभावका बाबजुद सिरहामा अक्सिजन प्लान्टसहित पाँच आइसीयू शय्या र दुई भेन्टिलेटरसमेत गरी २६ आइसोलेशन शय्या तयारी अवस्थामा राखिएको प्रजिअ कँणेलले बताउनुभयो।

यस्तै भारतीय सीमावर्ती क्षेत्र सिरहाको माडरमा होल्डिङ सेन्टर स्थापनाका लागि स्थानीय तहबाट रु एक/एक लाख आर्थिक सहयोगको आश्वासन आएकाले होल्डिङ सेन्टर स्थापनाको तयारी गरिएको उहाँको भनाइ छ। कोरोना सङ्क्रमण तीव्रगतिमा फैलिन थाले पनि प्रदेश सरकारले बजेट उपलब्ध नगराउँदा थप आइसोलेशन शय्या थप्नेलगायत अपेक्षाकृतरूपमा पूर्वतयारीको काम गर्न नसकिरहेको प्रजिअ कँणेलले बताउनुभयो।

जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र (डिसीसिएमसी)को बैठकले विभिन्न शीर्षकमा प्रदेश सरकारसँग रु ४७ लाख माग गर्ने निर्णय गरी पठाए पनि हालसम्म बजेट प्राप्त नहुँदा समस्या भएको प्रजिअ कँणेलले जानकारी दिनुभयो। डिसीसिएमसीले जोखिम न्यूनीकरणका लागि रु २० लाख, सिआइसिटी मोबिलाइजेशन शीर्षकमा रु १० लाख, अत्यावश्यक औषधि खरिद गर्न रु २० लाख र एम्बुलेन्स तथा शववाहन परिचालन गर्न रु सात लाख प्रदेश सरकारसँग माग गरेको जनाएको छ। स्थानीय तहलाई आवश्यक पर्ने औषधि, जनशक्ति, सामग्री र स्वास्थ्य उपकरणको पर्याप्त बन्दोबस्त मिलाउनसमेत निर्देशन दिएको उहाँको भनाइ छ। सिरहामा हाल १२ नयाँ कोरोना सङ्क्रमित रहेको जिल्ला स्वास्थ्य कार्यालय सिरहाले जनाएको छ। तीमध्ये छ जनाको जिल्ला अस्पताल सिरहास्थित आइसोलेसनमा उपचार भइरहेको छ।



राजविराज नगरपालिका
वडा नं -१को कार्यालय
प्रदेश नं.२.नेपाल

पत्र संख्या- २०७७/०७८
चलानी नं.- ११५२
मिति-२०७८/१/१५

बिषय- सूचना सूचना सूचना
वडा कार्यालय वाट जारी भएको सूचना

जिल्ला सप्तरी रा.बि.न.पा.वार्ड नं. १० हाल, वार्ड नं. १बस्ने ... ले तपसिलका जग्गाहरु नामसारी दर्ता गर्न सिफारिस गरि पाउँ भनि मिति २०७७/१२/२९ मा द.न. ११९९ को निवेदन दिएको हुदा सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सवुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानुन बमोजिम भै जाने व्हयोरा जानकारी गराईन्छ ।

तपसिल
जि.स.रा.बि.न.पा.वार्ड नं.१० हाल ...१ बस्ने श्री... को दर्ताको जग्गा

| जिल्ला | गा.पा./ना.पा. | वार्ड नं. | कि.न. | क्षेत्रफल |
| --- | --- | --- | --- | --- |
| सप्तरी | राजविराज | २ | ४१६ | ०-२-०३ |
| " | " | २ | ४१० | ०-०-१६ |

चन्द्र शेखर चौधरी
वडा अध्यक्ष
रा.बि.न.पा.वडा नं.-१


# विश्व समाचार

## भारतको आसाममा शक्तिशाली भूकम्प

नयाँदिल्ली, १५ वैशाख (रासस/एएफपी)।

उत्तरपूर्वी भारतको आसाम राज्यमा बुधबार बिहान शक्तिशाली भूकम्प गएको छ। भूकम्पबाट केही भवनमा क्षति पुगेको भएपनि सर्वसाधारणको मृत्युका बारेमा कुनै समाचार प्राप्त नभएको अधिकारीले बताएका छन्। अमेरिकी भूगर्भ सर्भेकाअनुसार आसाम र भूटानको सीमावर्ती पहाडी भागलाई केन्द्रविन्दु बनाएर ६.० म्याग्निच्यूडको भूकम्प गएको छ। तर भूकम्पको धक्का र परकम्प सयौं किलोमिटर टाढासम्म अनुभव गरिएको थियो।

भूकम्पको केन्द्रबाट करिब ४५ किलोमिटर टाढाको करिब एक लाख जनसङ्ख्या रहेको तेजपुरमा निकै नराम्रोसंग हल्लाएको थियो। मानिस त्रासका कारण सडकमा भेला भएका थिए भने केही घरमा क्षति पुगेको छ। आसामको राजधानी गुवाहाटी भूकम्पको केन्द्रबाट झण्डै १५० किलोमिटर टाढा भए पनि यहाँका घरमा क्षति पुगेको छ। स्थानीयवासीले कम्तीमा दुई वटा ठूलै परकम्प महसुस गरिएको बताएका छन्। अमेरिकी भूगर्भ सर्भेले भूकम्पको केन्द्रविन्दु जमिनको सतहबाट २९ किलोमिटर मुनि रहेको जनाएको छ। यहाँको हिमाली क्षेत्रमा भूकम्प बारम्बार आउने गरेको छ। सन् १९५० मा आएको भूकम्पमा परेर आसाम र तिब्बतमा गरी झण्डै चार हजार ८०० व्यक्तिको ज्यान गएको थियो।

## बुर्किना फासोमा तीन जना युरोपेली पत्रकारको हत्या

औगाडोगो, १५ वैशाख (रासस/एएफपी)।

अफ्रिकी मुलुक बुर्किना फासोमा आतङ्कवादीले तीन जना युरोपेली पत्रकारको हत्या गरेको अधिकारीले बताएका छन्। हत्या गरिएकामा दुई जना स्पेनिस र एक जना आइरिस पत्रकार रहेका छन्। बुर्किना फासोका संरक्षित जीवजन्तुको चोरी शिकारी नियन्त्रणको गस्तीमा सहभागी रहेका बखत उनीहरुमाथि आक्रमण भएको थियो। बुर्किना फासोका सञ्चारमन्त्री एवम् सरकारका प्रवक्ता ओसेनी टाम्बुराले एक विज्ञप्ति प्रकाशन गरी तीन जना पत्रकारको हत्या भएको र एक जना बुर्किना फासोका नागरिक बेपत्ता भएको बताउनु भएको छ।

फाडा एन्गुर्मा-पामा क्षेत्रमा भएको उक्त आक्रमणमा अरु छ जना घाइते भएका छन्। बुर्किना फासोका एक जना वरिष्ट सुरक्षा अधिकारीले आतङ्कवादी समूहले पत्रकारको हत्या गरेको पुष्टि गर्नुभयो। ती पत्रकार रिपोर्टर्स विदाउट बोर्डर्ससंग आबद्ध थिए। यद्यपी ती अधिकारीले आक्रमणकारी कुन समूहसँग आबद्ध थिए भन्ने केही बताउनु भएको छैन। सुरक्षा स्रोतका अनुसार, आक्रमणकारीले दुई वटा पिकअप सवारी साधन र एक दर्जनजति मोटरसाइकल प्रयोग गरेका थिए।

स्पेनी प्रधानमन्त्री पेड्रो सान्चेजले आफ्नो मुलुकका दुई पत्रकारको हत्या भएको पुष्टि गर्नुभयो। उहाँले ट्वीट गर्दै हत्या गरिएका स्पेनिस पत्रकारमा डेभिड बेरियान र रोबर्टो फ्राइल रहेको जानकारी दिनुभयो। विश्वकै गरिब राष्ट्र बुर्किना फासोमा इस्लामिक अतिवादी समूहले सरकारी फौजमाथि आक्रमण गर्ने गरेका छन्। उनीहरु सन् २०१५ मा छिमेकी मुलुक मालीबाट बुर्किना फासोमा प्रवेश गरेका थिए।

अल-कायदा र इस्लामिक स्टेटसँग आबद्ध समेतका जिहादी समूहले बुर्किना फासोमा आक्रमणका घटना बढाउँदै लगेका छन्। करिब एघार सय व्यक्ति मारिएका छन् भने १० लाखभन्दा बढी मानिस घर छाडेर अन्यत्र पलायन भएका छन्। रिपोर्टर्स विदाउट बोर्डर्सका महासचिव क्रिस्टोफ डिलोएर आक्रमणको घटनाप्रति रोश प्रकट गर्नु भएको छ। उहाँले शाहेल क्षेत्रमा पत्रकार निकै असुरक्षित रहेको पछिल्लो घटनाले पुष्टि गरेको छ भन्नुभएको छ।

## भारतमा कोरोना सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या दुई लाख नाघ्यो

नयाँ दिल्ली, १५ वैशाख (रासस/सिन्ह्वा)।

भारतमा कोरोना सङ्क्रमणको कारण मृत्यु हुने व्यक्तिको सङ्ख्या दुई लाख नाघेको छ। गएको २४ घण्टायता तीन हजार २२९ जनाको कोरोनसङ्क्रमणको कारण ज्यान गएपछि यस प्रकोपबाट मृत्यु हुनेको सङ्ख्या दुई लाख एक हजार १८७ पुगेको यहाँको केन्द्रीय स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ।

एकै दिनमा कोरोनाबाट ठूलो सङ्ख्यामा मृत्यु भएको यस वर्ष शुरु भएयताकै यो सबैभन्दा धेरै भएको समाचारमा जनाइएको छ। मङ्गलबार एकै दिनमा तीन लाख ६० हजार ९६० जना थप व्यक्तिमा कोरोना सङ्क्रमण देखिएपछि भारतमा अहिलेसम्ममा एक करोड ७९ लाख ९७ हजारभन्दा बढी व्यक्ति सङ्क्रमित हुन पुगेका बताइएको छ।

एकै दिन तीन लाखभन्दा बढी कोरोना भाइरस सङ्क्रमित भेटिएका यो सातौं दिन भएको बताइएको छ। कोरोना महामारी शुरु भएयता विश्वमा भएका सङ्क्रमणको तुलनामा यो ठूलो सङ्ख्या भएको सरकारी तथ्याङ्कले जानकारी दिएको छ।

भारतमा हाल २९ लाख ७८ हजारभन्दा बढी सक्रिय सङ्क्रमित रहेका छन्। भारतमा हालसम्म एक करोड ४८ लाख १७ हजारभन्दा बढी कोरोना मुक्त भएका छन्।

भारतमा गत जनवरी १६ देखि कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो सो समयबाट अहिलेसम्म भारतमा १४ करोड ५५ लाखभन्दा बढी व्यक्तिले खोप लगाएका छन्। कोरोना भाइरसको महामारी फैलिने क्रम एकातिर चलिरहेको छ भने अर्कोतर्फ कोरोनाभाइरस विरुद्धको खोप चलाउने क्रम पनि चलिनै रहेको छ।

भारतमा अहिले कोभिसिल्ड, कोभ्याक्सिन र स्पुटनिक भी गरी तीन प्रकारका खोपको प्रयोग भइरहेको सरकारी निकायले जनाएका छन्। रुसले विकास गरेको स्पुट्निक भी भने गत अप्रिल १२ देखि मात्रै लगाउन थालिएको अधिकारीले जानकारी दिएका छन्।

भारतको राष्ट्रिय राजधानी दिल्ली सबभन्दा धेरै कोरोना प्रभावित राज्यका रुपमा रहेको छ। यहाँ गत सोमबार एकैदिनमा २० हजार २०१ जना थप व्यक्ति कोरोना भाइरस सङ्क्रमण देखिएको र ३८० जनाको मृत्यु भएको छ। दिल्ली कोरोना शुरु भएदेखि हालसम्म यसको सङ्क्रमणको कारण १५ हजारभन्दा बढी व्यक्तिको मृत्यु भइसकेको छ।

# दुई सङ्क्रमितको मृत्यु

पर्सा, १५ वैशाख (रासस)।

वीरगञ्जको नारायणी अस्पतालमा उपचार गराइरहेका दुई कोरोना सङ्क्रमितको बुधबार बिहान उपचारका क्रममा मृत्यु भएको छ। कडा निमोनिया र श्वासप्रश्वासमा समस्या रहेका सर्लाहीको दङ्गाहा-४ निवासी ४३ वर्षीय पुरुष र बाराको शवर्ण नगरपालिका-७ निवासी ३० वर्षीया महिलाको उपचारका क्रममा मृत्यु भएको हो।

निमोनिया र उच्च ज्वरो रहेका पुरुषको १:४५ र महिलाको १२:१५ बजे मृत्यु भएको नारायणी अस्पतालका कोभिड संयोजक डा सरोज रोशन दासले जानकारी दिनुभयो। उहाँले वैशाख १४ गते अस्पताल भर्ना भएका पुरुषको सोही दिन पिसिआर विधिबाट परीक्षण गर्दा उनमा सङ्क्रमण पुष्टि भएको थियो भने १३ गते अस्पताल भर्ना भएकी महिलाको सोही एन्टिजेन परीक्षण गर्दा सङ्क्रमित भएको पत्ता लागेको बताउनुभयो। बितेको तीन दिनभित्र नारायणी तथा नारायणी बयोधा अस्पतालमा उपचारत ११ जना सङ्क्रमितको मृत्यु भएको जिल्ला प्रशासन कार्यालय पर्साले जनाएको छ

# सवारी दुर्घटना एकको मृत्यु १२ जना घाईते

**दैनिक समाचारदाता**
**उदयपुर, १५ बैशाख।**

उदयपुरको उदयपुरगढी ७ मा बुधबार बिहान भएको सवारी दुर्घटनामा परी एक जनाको मृत्यु भएको छ भने १२ जना घाईते भएका छन्।

उदयपुरगढीबाट गाईघाट तर्फ जाँदै गरेको स.१च. ९३९ नम्बरको बुलेरो आफै अनियन्त्रीत भई दुर्घटना हुँदा बुलेरोमा सवार रहेका १३ जना घाईते भएका हुन्।

घाईतेहरुलाई उपचारको लागी जिल्ला अस्पताल गाईघाट पठाईएकोमा उदयपुरगढी गाउँपालिका १ का ३७ बर्षीय शिव खत्रीको बाटोमा नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ।

यता अन्य घाईतेहरुलाई जिल्ला अस्पतालमा सामान्य उपचार पश्चात थप उपचारको लागी बिराटनगर पठाएको उक्त कार्यालयले जनाएको छ। घटना सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

---

### *राम्रो काम र ...*

म्यानपावरको एजेन्ट बताउने समसुद्धिनले विदेशमा आकर्षक तलबसहितको रोजगारी उपलब्ध गराइदिने भन्दै एक जनासँग १ लाख, अर्कासँग ९० हजार तथा अन्यहरुसँग ३०/३० हजारका दरले कुल ६ लाख ४० हजार रुँपैया ठगि गरि फरार भएको बताए।

पीडितहरुको उजुरीको आधारमा तत्कालै आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको जिल्ला प्रशासन कार्यालय सप्तरीले जनाएको छ।

# मधेश आन्दोलनसँग सम्बन्धित १२० अभियुक्तका मुद्दा फिर्ता

काठमाडौँ, १५ वैशाख (रासस)।

सरकारले तराई-मधेश आन्दोलनसँग सम्बन्धित १५ मुद्दाका १२० अभियुक्तका मुद्दा फिर्ता लिएको छ।

जनता समाजवादी पार्टीसँगको वार्ताका कममा सरकारले सो निर्णय गरेको हो।

मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्दै सरकारका प्रवक्ता पार्वत गुरुङले मधेश र नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीसँग सम्बन्धित मुद्दा फिर्ता लिने कम जारी रहेको बुधबार सूचना तथा सञ्चार प्रविधि मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिनुभयो।


## वीमा लेख नं. हराएको सूचना

रुपनीदेखी राजविराजसम्म आउँदै गरेको अवस्थामा २०७७ साल चैत २ गते मेरो निम्न ब्यहोराको वीमा लेख नं. हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८६२०४२१३९ मा सम्पर्क गर्नुहोला।

**नाम : मनु राउत**
**ठेगाना : कटैया गाविस २, हाल रुपनी गाउँपालिका ३ सप्तरी**
**वीमा लेख नं. : २०१०५४४९७**


# जलेर सात महिने बालकको मृत्यु

**दैनिक समाचारदाता**
**महोत्तरी, १५ वैशाख।**

महोत्तरीको पिपरा गाउँपालिका ५ मा जलेर बुधबार बिहान एक दुधे बालकको मत्यु भएको छ।

मृत्यु हुनेमा पिपरा गाउँपालिका ५ बस्ने श्रवण यादवको ७ महिने छोरा आकाशकुमार यादव रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

मंगलबार राति ९ बजेतिर श्रवणको घरमै रहेको भुइँमा लगाइएको ओछ्यानमा बालक आकाश सुतिरहेको अवस्थामा ओछ्यान नजीकै बालेर राखिएको दियो बालकले हातगोडा चलाउँदा लडेर ओछ्यानमा आगो सल्किन गई बालकको शरीरको दाहिने भाग जलेर गम्भीर घाइते भएका थिए।

घाइते बालकलाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुर लगिएकामा बुधबार बिहान उनको उपचारकै क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।

### *टिपरको ठक्करबाट ...*

भएको परिवारका सदस्यले जानकारी दिएका छन्।

सप्तरीको कञ्चनरूप नगरपालिकास्थित पडेमारा धार नजिक यही वैशाख ५ गते ना.५ख. ७५१७ नं.को टिपरले साइकलमा सवार खड्गलाई ठक्कर दिएको थियो। घाइते खड्गको नोबेल अस्पतालमा उपचार भइरहेको थियो।

# थप चार हजार ८९७ मा कोरोना पुष्टि

काठमाडौँ, १५ वैशाख (रासस)।

नेपालमा पछिल्लो २४ घन्टामा चार हजार ८९७ मा कोरोना संक्रमण पुष्टि भएको छ।

पछिल्लो २४ घण्टामा १४ हजार ८३४ जनाको परीक्षण गर्दा चार हजार ८९७ मा कोरोना पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको हो।

तेह्र हजार ८७९ को पीसीआर गर्दा चार हजार ७७४ र ९५५ जनाको एन्टीजेन गर्दा १२३ जनामा कोरोना पुष्टि भएको हो। कूल संक्रमितमध्ये हाल ३० हजार २०९ सक्रिय संक्रमित छन्। त्यस्तै कूल संक्रमितमध्ये दुई हजार ४७ जना मात्र काठमाडौँ उपत्यकामा भेटिएका छन्। काठमाडौँमा एक हजार ४६४, ललितपुरमा ३५१ र भक्तपुरमा २३२ संक्रमित भेटिएको मन्त्रालयले जनाएको छ।

पछिल्लो २४ घण्टामा रिपोर्ट प्राप्त भएअनुसार १७ संक्रमितको मृत्यु भएको मन्त्रालयले जनाएको छ। हालसम्म मृत्यु हुने संक्रमितको संख्या तीन हजार २११ पुगेको छ। पछिल्लो २४ घण्टामा ७७३ जना उपचारपछि निको भएर घर फर्किएका छन्।


# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार र सिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको
  स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु→

ipay remit | CITY EXPRESS MONEY TRANSFER Money Transfer Made Easy | Best Remit Quick & Easy | PRABHU Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money CHAUDHARY GROUP

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*